School Code: 440180002

# श्री जननेत्र माध्यमिक विद्यालय
मोदी गाउँपालिका-२, देउपुर, पर्वत

प.सं. : ०८३/८४
च.नं. : २८

मिति : २०८३/०६/१४

श्री यो जो जससँग सम्बन्धित छ ।

## विषय : सरुवा सहमतिको लागि दरखास्त आह्वान सम्बन्धमा ।

प्रस्तुत विषयका सम्वन्धमा मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, पातिचौर पर्वतको च.नं. ५६२ मिति २०८३/०६/१३ गतेको अनुमति पत्रानुसार यस विद्यालयमा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणी स्थायी दरवन्दीमा शिक्षा नियमावली २०५९ को दशौं संशोधनको नियम ९१ अनुसार सरुवा प्रकृयाबाट शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले सम्वन्धित तह श्रेणीमा योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३) को नियम ९९ को सरुवा सम्वन्धि व्यवस्था बमोजिमको सरुवा सहमतिका लागि दरखास्त आह्वान गरिएको व्यहोरा सहित सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरु :**

१. सरुवाको लागि हस्तलिखित निवेदन ।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३. आफ्नो सेवा अवधि खुल्ने कागजात ।
४. स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी ।
५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी ।
६. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरुमा हाजिर भएको कागजात ।
७. असाधारण तथा वेतलवी विदा लिए नलिएको सम्बन्धित कागजात ।
८. कार्यरत विद्यालयको वि.व्य.स.को सरुवा सहमतिको निर्णयको प्रतिलिपी र विद्यालयको सरुवा सहमति पत्र ।
९. सम्वन्धित स्थानीय तहको सरुवा सहमति पत्र ।
१०. शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३) बमोजिम प्राथमिकता दावी गर्ने प्रमाण तथा कागजातको प्रमाणित प्रतिलिपी ।

- रिक्त दरवन्दी संख्या : १
- दरखास्त पेश गर्ने अन्तिम मिति : २०८३/०६/२८ गते कार्यालय समय भित्र ।
- इमेल : jananetraschool@gmail.com
- सम्पर्क नं. : प्रधानाध्यापक ९८४७७८२७१५, वि.व्य.सं. अध्यक्ष : ९८४७६३४८२२, विद्यालय सहायक कर्मचारी : ९८४७६४८४२१

***पुनश्च:*** अनिवार्य अवकाशको दरवन्दी हुनाले पर्वत जिल्लाभित्रबाट मात्र दरखास्त दिन सक्नुहुनेछ ।

**बोधार्थ :**
श्री शिक्षा विकास तथा समन्वय एकाई, पर्वत - वेवसाइटमा प्रकाशित गरिदिनुहुन ।
श्री मोदी गाउँपालिकाको कार्यालय, पातीचौर, पर्वत -वेवसाइटमा प्रकाशित गरिदिनुहुन ।
श्री मोदी गाउँपालिका वडा नं. २ को कार्यालय, देउपुर, पर्वत - जानकारीको लागी

(दिपक शर्मा)
प्रधानाध्यापक